धनपालथान गाउपालिका

# गाउ कार्यपालिकाको कार्यालय

सोराभाग, मोरङ

१ नं. प्रदेश

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना प्रकाशन मिति: २०७६।०८।०८

यस धनपालथान गा.पा. को मातहतमा रहेको धनपालथान–७ शान्तीवन पश्चिम रहेको पोखरीमा माछा पाल्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हूदा इच्छुक व्यक्ती वा फर्मले यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दरभाउपत्र फारम खरीद गरी १६ औ दिन दिनको १२.०० बजे भित्र शिलबन्दी दरभाउपत्र दाखिला हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | ठेक्काको न्यूनतम अंक | दरभाउपत्र मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०।राजस्व ०७६/७७ | पोखरीमा माछा पाल्ने काम धनपालथान– ७, मोरङ | रु.२,५१,०००।– | ५००।– | |

**शर्तहरु:**

१. शिलवन्दी दरभाउपत्र फारम साथमा ब्यक्ति भए ना.प्र.प.प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजस्व कार्यालयवाट प्राप्त स्थायी लेखा नम्बर र आ.व.२०७४।०७५ को आय कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र आफुले कबोल गरेको अंकको ५% ले हूने धरौटी वापतको रकम यस कार्यालयको नाममा मेघा बैक लि. कर्सीया बजारमा रहेको धरौटी खाता नं. ००८००१००९६५५३ मा जम्मा गरी सो को सक्कल भौचर वा नगदै धरौटी समाबेश गर्नु पर्नेछ ।

२. शिलवन्दी दरभाउपत्र १६ औ दिन दिनको २.०० बजे यस कार्यालयमा नियमाअनुसार खोलिने छ ।

३. दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोलिने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

४. कवोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

५. यो सूचना वमोजिम दाखिला भएको कुनै वा सबै दरभाउपत्र धनपालथान गाउपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृती वा अस्वीकृत गर्न सकिनेछ ।

६. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७९ आषाढ मसान्त सम्मको अवधि हुनेछ ।

७ बाढीको कारणबाट माछा बगाएमा वा कुनै कारण बाट माछा मरेमा छुट वा मिनाहा को दाबी गर्न पाईने छै

८. ठेक्का रकम एकमुष्ट वुझाउनु पर्नेछ । यसरी एकमुष्ठ रकम बुझाएमा १०% रकम छुट दिइनेछ ।

९. पोखरीको डिल बनाउनु परेमा ठेकेदार आफैले बूझाउनु पर्नेछ ।

१०. अन्य कुराहरु प्चलीत कानुन बमोजिम हूनेछ ।

२०७६।८।८

लोचन प्रसाद दाहाल

प्रमुख प्रशासकिय अधिकृत